तस्वीरः अन्नपूर्ण



भोटेकोसी पावर कम्पनीको राजधानीमा सोमबार आयोजित पत्रकार सम्मेलनका सहभागीहरू ।

# भोटेकोसीको बहुमत सेयर हिमालले किन्यो

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** १४ चैत : भोटेकोसी पावर कम्पनी प्रालिको बहुमत सेयर हिमाल इन्टरनेसनल इनर्जी प्रालिले खरिद गरेको छ। कम्पनीले सोमबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो। भोटेकोसी पावरमा ७५ प्रतिशत सेयर भएको अमेरिकी कम्पनी पाण्डाले परियोजनाबाट हात झिकेपछि हिमालले खरिद गरेको हो।

यससँगै भोटेकोसीमा नेपाली कम्पनी हिमालको सेयर ८५ प्रतिशत पुगेको छ। बाँकी १५ प्रतिशत सेयरमध्ये इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आईएफसी) को १० प्रतिशत र मन्ट गोमरी वाट्सन हर्जनको पाँच प्रतिशत सेयर यस परियोजनामा रहेको छ। यी दुवै विदेशी कम्पनी हुन्।

पाण्डा अफ नेपाल डलास अमेरिकास्थित पाण्डा ग्लोबल होल्डिङ्स तथा डीटीई इनर्जीको अधीन कम्पनी एमसिन्सको संयुक्त लगानी भएको कम्पनी हो। दुवै अमेरिकी कम्पनीहरू विश्वबजारको कारोबारबाट हट्ने र अमेरिकाको आन्तरिक ऊर्जा व्यापारमा मात्र केन्द्रित हुने नीतिअनुरूप फिर्ता हुन लागेको जानकारी पत्रकार सम्मेलनमा दिइयो।

भोटेकोसी नौ करोड ८० लाख अमेरिकी डलर लगानीको परियोजना हो। पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार हाल यो परियोजनाबाट वार्षिक औसत दुई सय ४६ मेघावट विद्युत् उत्पादन हुने गरेको छ। पत्रकार सम्मेलनमा भोटेकोसी पावर कम्पनीका अध्यक्ष सिद्धार्थ राणाले परियोजनाले क्षेत्र आसपासका बासिन्दाको नाममा एउटा कोष स्थापना गरी उनीहरूलाई पनि परियोजनाको मालिक बनाउने योजना रहेको जानकारी दिनुभयो। यसमा सिन्धुपाल्चोक जिल्लाका १० वाट गाविसलाई समेटिनेछ। परियोजनालाई भविष्यमा ऊर्जा व्यापारको लागि ठूलो कदमका रूपमा लिएर अघि बढाइएको उहाँले बताउनुभयो।

पाण्डा र एमसिन्सका अधिकृत प्रतिनिधि जोन जामलिनले सेयर हस्तान्तरण सबै पक्षको भविष्यको रणनीतिअनुसार उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो। आईएफसीका प्रतिनिधि हाइमान जियाले भोटेकोसीको अधिकांश सेयर विदेशी साझेदारहरूबाट नेपालमा आउनु सकारात्मक भएको बताउनुभयो।